**अनुसूची-३ (घ)**

## संस्था प्रबन्धकको कबुलियतनामा

श्र लिखितम् श्री ..........................................को नाति/नातिनी/बुहारी श्री ....................................को छोरा /छोरी/पत्नी ................जिल्ला ........................ पालिका वडा नं. ....बस्ने वर्ष .....को म................................(ना.प्र.नं. ................र जारी मिति.................) साना किसान कृषि सहकारी संस्था लि. ............................ को प्रबन्धक आगे साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी निर्देशिका, २०७१ (संशोधन सहित) तथा निम्न उल्लेखित शर्त सुविधाको अधिनमा रही
श्‍ साना किसान प्रशिक्षार्थी कार्यक्रममा म कार्यरत संस्थाका देहाय अनुसारका व्यक्तिलाई सहभागी गराउन इच्छुक भई सो को लागि संस्था प्रबन्धकको हैसियतबाट लिखत गरिदिन मञ्जुर भई साना किसान सहकारी संस्था लि. ............... को कार्यालय ............. मा बसी निम्न साक्षीहरुको रोहबरमा मेरो मनोमान खुसीराजीसाथ देहायका शर्त सुविधा पूर्ण रुपमा स्वीकार गरी यो कबुलियतनामाको कागज लेखि लेखाई त्यसमा सहिछाप गरी साना किसान सहकारी संस्था लि. ........... मा चढाएँ ।

<u>शर्त सुविधाहरु</u>

१. तपसिलमा उल्लिखित विवरणका व्यक्तिहरु यस ....... साना किसान कृषि सहकारी संस्था लि.................... मा आबद्ध भई यस संस्थाबाट सञ्चालित कार्यक्रमहरुमा उहाँको परिवार कै सक्रिय सहभागिता रहँदै आएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को सहयोगमा यस संस्थाको सहभागितामा सञ्चालन हुने साना किसान प्रशिक्षार्थी कार्यक्रममा उहाँहरुका तपसिल बमोजिमका एकाघरका नाता पर्ने तपसिल अनुसारका व्यक्तिले समेत प्रशिक्षार्थीको रुपमा इजरायल जान पाउँ भनी आवेदन दिएकोमा मेरो पूर्ण सहमति छ । यस विषयमा निज आवेदकहरुले संस्थामा पेश गरेको आवेदनमा मञ्जुर गरेका सबै शर्तहरुको बारेमा मलाई पूर्ण जानकारी छ । ती उल्लिखित शर्तहरु मलाई समेत पूर्ण मञ्जुर छ ।

२. तपसिल अनुसारका प्रशिक्षार्थीले ईजरायलमा प्रशिक्षण पुरा गरी फर्किए पछि कृषि व्यवसायमा लगाउने पूर्ण जिम्मेवारी बहन गर्दछु ।

३. निज प्रशिक्षार्थी ईजरायलमा रहेसम्म निरन्तर सम्पर्कमा रहन मञ्जुर गर्दछु ।

४. ईजरायलमा प्रशिक्षण पुरा गरेपछि निज प्रशिक्षार्थीलाई नेपाल फर्काई वित्तीय संस्थामा हाँजिर गराउने पूर्ण जिम्मा लिन मञ्जुर गर्दछु ।

५. यदि तपसिलका कुनै पनि प्रशिक्षार्थी इजरायलमा भागी/लुकी/सम्पर्क बिहीन भई बसेमा ३ महिनाभित्र निजलाई नेपाल ल्याई वित्तीय संस्थामा हाजिर गराउने पूर्ण जिम्मेवारी मैले लिएको छु, यदि ल्याउन नसकेमा यसबाट सहकारी संस्था र वित्तीय संस्थाको साखमा परेको असर तथा सम्पूर्ण वित्तीय असर बराबरको रकमलाई मेरो नाममा ऋण जनाएर वा नजनाईकन मेरो एकाघर परिवारको नाममा रहेको वा मैले भोगचलन अधिकार पाएको वा भविष्यमा समेत आफ्नो नाममा आउने चलअचल जायजेथा लिलाम वा बिक्री गरी सम्बन्धित सहकारी संस्था र वित्तीय संस्थाले असुल उपर गरिलिनु भनी मेरो मञ्जुरी साथ कबुलियत गरिदिएको छु ।

| क्र. | प्रशिक्षार्थीको | | |
|---|---|---|---|
| सं. | नाम | संस्था सदस्यको नाम | प्रशिक्षार्थीसँग नाता |
| | | | |
| | | | |
| | | | |
| | | | |

**साक्षीहरु :**

१. ...............जिल्ला ................ ....पालिका वडा नं. ... बस्ने वर्ष ..... को ..................... .............
(ना.प्र.नं.................र जारी मिति.......................)

२. जिल्ला ................ पालिका ............ वडा नं. ... बस्ने वर्ष ..... को ................................
(ना.प्र.नं.................र जारी मिति.......................)

इति संवत् २०......... साल ............. महिना ........... गते रोज ........ शुभम् ।

**दा. बा.**